# बुटवल उपमहानगरपालिका
# नगरकार्यापालिकाको कार्यालयको
## विभिन्न करहरु बुझाई छुट सुविधा उपयोग गर्ने सम्बन्धि
## सुचना ! सुचना !! सुचना !!!

चालु आ.व. २०७९/०८० मा विभिन्न करदाताहरुलाई तोकिएको समयावधि भित्र कर वुझाएमा निर्धारित कर छुट दिने व्यवस्था आर्थिक ऐन २०७९ मा भएको हुँदा कानून बमोजिम प्राप्त हुने छुट लिई लाभान्वित हुन सम्पूर्ण नगरवासी तथा करदाता महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| सि.न. | कर शिर्षक | छुट प्रतिशत | छुट सुविधा दिने समयावधि | कैफियत |
|---|---|---|---|---|
| १ | भूमिकर (मालपोत) | १० प्रतिशत | २०७९ कार्तिक मसान्त सम्म, | आ.व. २०७८/०७९ को बक्यौता आ.व.२०७९।०८० पौष मसान्त सम्म जरिवाना मिन्हा हुने । |
| | | ९० प्रतिशत | आ.व ०७९।८० को असार मसान्त सम्म | वडा नं. १२ स्थित ज्यामिरे बस्तीको हकमा लाग्ने मुल्यांकनमा |
| २ | सम्पत्ति कर | १० प्रतिशत | २०७९ कार्तिक मसान्त सम्म | आ.व. २०७८/०७९ को बक्यौता आ.व.२०७९।०८० पौष मसान्त सम्म जरिवाना मिन्हा हुने । |
| | | ७५ प्रतिशत | आ.व ०७९।८० को असार मसान्त सम्म | वडा नं. ३ को पहिरो प्रभावित क्षेत्र राजमार्ग मोहडा वाहेक पुर्व तर्फका संरचनाको मुल्यांकनमा । |
| | | ९० प्रतिशत | आ.व ०७९।८० को असार मसान्त सम्म | वडा नं. १२ स्थित ज्यामिरे बस्तीको हकमा लाग्ने मुल्यांकनमा |
| ३ | घर बहाल कर (वार्षिक बहालको ९ प्रतिशत) | १५ प्रतिशत<br>५ प्रतिशत | २०७९ कार्तिक मसान्त सम्म<br>२०७९ फागुन मसान्त सम्म | आ.व. २०७८/०७९ को बक्यौता आ.व.२०७९।०८० पौष मसान्त सम्म जरिवाना मिन्हा हुने । |
| ४ | पेशा व्यवसाय कर | १५ प्रतिशत<br>५ प्रतिशत | २०७९ कार्तिक मसान्त सम्म<br>२०७९ फागुन मसान्त सम्म | आ.व. २०७८/०७९ को बक्यौता आ.व.२०७९।०८० पौष मसान्त सम्म जरिवाना मिन्हा हुने । |
| ५ | पेशा व्यवसाय करमा महिला,अपाङ्गता भएका व्यक्ति र यौनिक लैङ्गिक अल्पसंख्यक कर दातालाई उपरोक्त वमोजिमको छुट सहित थप १० प्रतिशत छुट उपलव्ध हुनेछ । | | | |

**६.व्यवसाय कर सम्बन्धमा गरिएको थप छुटको व्यवस्थाहरु:-**

क) नेपाल सरकार/प्रदेश सरकारका विभिन्न निकायमा दर्ता भएका तर विभिन्न कारणबाट यस कार्यालयमा व्यवसाय दर्ता गर्न छुट भएका तथा विगतमा यस कार्यालयमा दर्ता भई लामो समयदेखि नविकरण गर्न विभिन्न कारणले छुट भएका व्यक्ति, फर्म, संस्था तथा कम्पनीहरुलाई व्यवसाय करको दायरामा ल्याउन निम्न वमोजिम आधार वर्ष गणना गरी छुट गरी व्यवसाय दर्ता र नविकरण गरिनेछ ।

- ✓ २०७९ पौष मसान्तभित्रै दर्ता/नवीकरण गरेमा आ.व.२०७७/०७८ लाई आधार वर्ष मानिनेछ ।
- ✓ २०८० असार मसान्तभित्रै दर्ता/नवीकरण गरेमा आ.व. २०७५/०७६ लाई आधार वर्ष मानिनेछ ।

ख) दर्ता पुजी पाँच लाखसम्म राखी दर्ता हुने साना उद्यम व्यवसायहरु नगरपालिकामा पहिलो पटक व्यवसाय दर्ता हुन आउँदा तोकिएको व्यवसाय करमा ५० प्रतिशत छुट दिईनेछ ।

ग) शुन्य कारोबार भएका व्यवसायीहरुलाई सो समयको व्यवसाय करमा ७५ प्रतिशत छुट दिइनेछ, त्यस्ता व्यवसायको हकमा चालु आ.व भन्दा अघिल्लो आ.वको शुन्य कारोबारको आधारमा चालु आ.व को लागि व्यवसायकर गणना गरि कर असुली गरिनेछ ।

घ) राजमार्ग चौराहा देखि गोलपार्क सम्मको राजमार्ग क्षेत्रमा रहेका व्यवसायहरु हाल सडक विस्तारको क्रममा लामो समय देखि नियमित संचालन हुन नसकेको कारण मर्कामा परेका व्यवसायीहरुलाई राहत महसुस गराउन त्यस राजमार्ग मोहडाका सटर/कोठामा व्यवसाय गर्ने बैंक वित्तिय संस्था र संस्थागत कार्यालय वाहेकका अन्य व्यवसायीहरुलाई उक्त आ.व ०७९।०८० को व्यवसाय करमा थप ३५ प्रतिशत छुट दिइनेछ ।

ङ) आ.व. ०७९।०८० को अन्तिम चौमासिकमा व्यवसाय शुरु गर्ने गरी दर्ता हुन आउने नयाँ व्यवसायहरुलाई यस आ.व. मा तोकिएको दरवन्दीको ५० प्रतिशत मात्र व्यवसाय कर लिइनेछ ।

च) शाखा कार्यालय/शाखा कारोबार वा बिक्री केन्द्रको हकमा तोकिएको दरवन्दीको ५० प्रतिशत कर गणना गरी असुल गरिनेछ ।

छ) विभिन्न संघसंस्थाहरुबाट हुने सेवामुलक प्रचार प्रसारका सामाग्रीहरुमा उल्लेखित विज्ञापन कर दरमा ५० प्रतिशत छुट दिइनेछ ।

ज) वैदेशिक प्रयोजनका लागि आय स्रोत प्रमाणित गर्ने प्रयोजनमा वहालकर तिर्ने करदातालार्य वार्षिक कर दाखिला गरेमा प्रयोजन खुलाई ७५ प्रतिशत छुट दिइनेछ । सोको रजिष्टरमा व्यवस्थित गर्नुपर्दछ ।

माथी उल्लेखित सवै किसिमका कर निर्धारण तथा असुली सम्बन्धित वडा कार्यालयबाटै हुने व्यहोरा समेत अनुरोध छ ।